Boosting Agriculture.... Thinking Food Security & Poverty Reduction

च.नं. ४३५/०७९/८० मिति: २०७९/१०/२०

श्री नेपाल स्टक एक्सचेञ्ज लिमिटेड,
सिंहदरवार प्लाजा, काठमाण्डौं ।

**विषय : नगद लाभांश तथा बोनस शेयर घोषणा गर्न संचालक समितिले सिफारिस गरेको सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्वन्धमा, यस वित्तीय संस्थाको मिति २०७९/१०/२० गते शुक्रबारको दिन दिउँसो ३:३० बजे बसेको सञ्चालक समितिको १३८ औ बैठकले आर्थिक वर्ष २०७८/०७९ सम्मको बितरणयोग्य मूनाफाबाट २०७९ असार मसान्तमा कायम कुल चुक्ता पूँजी रु. ३४,२७,४४,१९२/- (अक्षरेपी चौतिस करोड सत्ताईस लाख चौवालिस हजार एक सय बयानब्बे रुपैया) को तपसिल बमोजिम हुने गरि वित्तीय संस्थाको शेयधनीहरुलाई नगद लाभांश तथा बोनस शेयर जारी गर्नको लागि नेपाल राष्ट्र बैंकसँग अनुमति माग गर्ने तथा सो सम्बन्धमा नेपाल राष्ट्र बैंकबाट निर्णय भई आए पश्चात् आगामी वार्षिक साधारण सभामा स्वीकृतिको लागि पेश गर्ने निर्णय गरेको व्यहोरा तहाँको जानकारीको लागि अनुरोध गर्दछौं ।

**तपसिल :**

- **नगद लाभांश :** ३ प्रतिशतले हुने रकम रु. १,०२,८२,३२५.७६ (अक्षरेपी एक करोड दुई लाख बयासी हजार तिन सय पच्चिस दशमलव सात छ रुपैया मात्र),
- **बोनस शेयर :** १५ प्रतिशतले हुने रकम रु. ५,१४,११,६२८.८० (अक्षरेपी पाँच करोड चौध लाख एघार हजार छ सय अट्ठाईस दशमलव आठ शून्य रुपैया मात्र),
- **कूल लाभांश :** १८ प्रतिशतले हुने रकम रु. ६,१६,९३,९५४.५६ (अक्षरेपी (छ करोड सोह्र लाख तिरानब्बे हजार नौ सय चौउन्न दशमलव पाँच छ रुपैया मात्र)

*(**नोट :** साविक समता लघुवित्त वित्तीय संस्था लि. र साविक घरेलु लघुवित्त वित्तीय संस्था लि. बिच गाभ्ने/गाभिने (मर्जर) कार्य सम्पन्न भई मिति २०७८/०१/०२ गते देखि एकीकृत वित्तीय कारोवार शुरुवात गरिएको हुँदा एकीकृत कारोवार मिति देखि दुई वर्ष सम्म लाभांशमा कर छुट हुने व्यवस्थाको कारण हाल लाभांशकर प्रयोजनार्थ छुट्टै रकम नछुट्याइएको साथै उक्त मिति भन्दा पछि शेयर खरिद गर्ने शेयरधनीहरुले लाभांशकर नियमानुसार भुक्तानी गर्नुपर्ने)*

भवदीय,

Samata Gharelu Laghubitta Bittiya Sanstha Limited Estd.2070 Banepa, Kavre

विश्वराज श्रेष्ठ
कम्पनी सचिव

**बोधार्थ :**

श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग, बालुवाटार, काठमाण्डौं ।
श्री नेपाल राष्ट्र बैंक, लघुवित्त संस्था सुपरिवेक्षण विभाग, बालुवाटार, काठमाण्डौं ।
श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर ।
श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौं ।
श्री सिडिएस एण्ड क्लियरिङ्ग लि., पुतलीसडक, काठमाण्डौं ।
श्री आरबिबि मर्चेन्ट बैकिङ्ग लि., टेकु, काठमाण्डौं ।